# प्रतिबद्धता पत्र

**आदरणीय आमा बुवा, दाजुभाई दिदीबहिनिहरु**

**हार्दिक नमस्कार !**

भ्रष्टाचार, वेथिति र पक्षपातको अन्त्य, सामाजिक सञ्जाल माथिको प्रतिबन्दको विरोध जस्ता माग लिएर २०८२ भाद्र २३ गते काठमाडौंको नयाँ बानेश्वरमा प्रदर्शनमा उत्रेका नवयुवा पुस्ता (जेन्जी उमेर समुहका युवाहरु) माथि तात्कालीन ओली सरकारको तर्फबाट गोली प्रहार गरी १९ जना युवाको हत्या गरे पछि भाद्र २४ गते भड्केको विध्वंशबाट कार्यपालिकाको प्रमुख स्थान सिँहदरबार, न्याय पालिकाको प्रमुख स्थान सर्वोच्च अदालत, राष्ट्रपति निवास, प्रधानमन्त्री निवास, मन्त्री निवास, जिल्ला प्रशासन कार्यालयहरु, प्रहरी कार्यालयहरु, स्थानिय सरकारका कार्यालयहरु, मन्त्री, पूर्व मन्त्री र राजनैतिक दलका नेता कार्यकर्ताका नीजि निवासहरु सहित खर्बौको सम्पत्ति नष्ट भएको छ। राष्ट्को पहिचान कायम गर्ने मुख्य स्थानहरु ध्वंश गरीएको छ। २०७९ साल मंसिरमा जनताद्धारा निर्वाचित प्रतिनिधि सभालाई विना कारण विघटन गरीएको छ। भाद्र २३ र २४ का गतिविधि अध्ययन गर्दा देश डरलाग्दो संकटमा प्रवेश गरेको छ।

२०८४ मा हुनुपर्ने निर्वाचन २०८२ फाल्गुण २१ मा गर्ने गरी प्रतिनिधि सभाको निर्वाचनको तिथि तोकिएको छ।

२०७९ साल मंसिरमा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा धादिङ क्षेत्र नं. १ का मतदाताहरुले मलाई २०८४ सम्मका लागि प्रतिनिधिसभा सदस्यमा निर्वाचित गर्नु भएको थियो। त्यतिबेला निर्वाचनको समयमा मैले मतदाताहरु समक्ष यहाँहरुले प्रस्तुत गर्नु भएका महत्वपूर्ण मागहरु पुरा गर्ने प्रतिवद्धता व्यक्त गरेको थिए। बिचैमा संसद विघटन भएकोले मैले मतदाताहरु समक्ष गरेका प्रतिवद्धता पुरा गर्न नपाएको कारण म पूनः तपाईहरु समक्ष प्रतिनिधिसभा सदस्यको उमेदवारमा खडा भई मत माग्न आएको छु।

सर्वप्रथम भाद्र २३ गतेको प्रदर्शनमा मारीनु भएका सम्पूर्ण शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। यसै गरि राणाकाल देखि न्याय, समानता र लोकतन्त्रका लागि आवाज उठाउदा मारीनु भएका, निरंकुश पञ्चायती व्यवस्थाको शासन कालमा मारीनु भएका र राजाको शासनका विरुद्ध तथा गणतन्त्र स्थापनाका लागि मारीनु भएका सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति पनि श्रद्धाञ्जली व्यक्त गर्दछु।

विगतका दिनमा तपाईहरुकै अमुल्य मतबाट निरंकुश पञ्चायतका विरुद्ध आवाज बोल्ने जनपक्षिय सभापति निर्वाचित भएँ तर फाल्गुण ७ गतेको प्रजातन्त्र दिवसमा राजा विरुद्ध बोलेको आरोपमा राजकाजको मुद्दा लगाई जेलमै थन्काए। पञ्चायतको अन्त्य हुँदा म जेल मै थिए। बहुदलिय व्यवस्था स्थापना भएपछि पनि राष्ट्रियताको संरक्षण र जनताका अधिकारको लागि पटक - पटक आन्दोलनमा भाग लीएँ। संवैधानिक राजाले पूर्ण रुपले सत्ता हातमा लिए पछि भएको संघर्षमा भाग लिएर गणतन्त्र स्थापनाको लागि महत्वपूर्ण भुमिका निभाउने काम गरे। आज सम्मको राजनैतिक जीवनमा १९ पटक गरि ६.५ वर्ष भन्दा बढि जेलमा बिताए। निर्दलिय पञ्चायतको अन्त्य पछि मैले तपाईहरुबाट पटक - पटक निर्वाचित हुने अवसर पाएँ। मैले पनि आफ्नो मेहनत, प्रयत्न लगनशिलताका साथ कार्य गर्दै तपाईहरुको सेवा र सुविधाका लागि राज्य कोषबाट बजेट विनियोजन गर्नलाई अनवरत प्रयत्न गरीरहेको छु।

भाद्र २३ को जेन्जी प्रदर्शन र भाद्र २४ गते भएको विध्वंश पछि झण्डै च्यातिन लागेको र लिक छोडी सकेको संघिय लोकतान्त्रिक गणतन्त्रको संविधानको रक्षाका लागि हुन लागि रहेको प्रतिनिधिसभाको निर्वाचनमा खडा भई राष्ट्रियताको रक्षा, कम्युनिष्ट आन्दोलनको रक्षा, संघिय लोकतान्त्रिक गणतन्त्रको रक्षा, २०७२ सालमा संविधान सभाद्वारा जारी संविधानमा समेटिएको समावेशी समानुपातीक निर्वाचन पद्दती सहितको सम्पूर्ण उपलव्धीहरुको रक्षा गर्न र तपाईहरुका लागि विकास, समृद्धि, शुसासनको जिम्मेवारी पूरा गर्न नेपाली कम्युनिष्ट पार्टीको तारा चिन्ह लीएर उमेदवार भएको छु। तपाईहरुले मलाई विगतमा झै आफ्नो अमुल्य मत दिई विजय गराउने आशा गरेको छु।

## मेरो प्रतिवद्धताहरु

### १. सडकः

★ राजधानी प्रवेश गर्ने र बाहिर जाने एक मात्र राष्ट्रिय राजमार्ग पृथ्वी राजमार्गले दिन प्रतिदिन बढिरहेको सवारीको चापलाई धान्नै नसक्ने भएको हुँदा धादिङ जिल्ला धुनिबेंशी नगरपालीकाको वार्ड नं. ५ धार्के बजारबाट शुरु गरी मान्खुटार गल्छी कल्लेरीटार -केउरीनीटार - पिपलटार - परेवाटार - आरुवासटार - बेनिदोभान - गण्डकी प्रदेशको घ्याल्चोकटार - मुग्लीङ - देखि गैडाकोट सम्म सडक निर्माण गरी राजधानी र बहीरका जनतालाई जस्तो सुकै संकटमा पनि आवागमन नरोकिने गरी पृथ्वी राजमार्गको समानान्तर राजमार्ग निर्माण गर्न बजेट व्यबस्थाका प्रयत्न गर्ने छु।

★ म धादिङ जिल्लाको सभापति हुँदा २०४५ सालमा मेरै पहलमा जर्मन सरकार (GTZ) को सहयोगमा निर्माण शुरु भएको भिमढुंगा लामीडाँडा - गल्छी सडकको जिवनपुर - केवलपुर - गोगनपानी - गल्छी खण्डको २ वर्ष भित्र पूर्ण रुपमा कालोपत्र गर्न बजेट व्यबस्था गराउन दवाव मुलक भुमिका खेल्नेछु।

★ छिमेकी देश चिनबाट सुरु भएको रसुवागढी - गल्छी - मलेखु - महादेवस्थान - चितवनको भण्डारा - ठोरी हुँदै भारत सम्म जोडिने त्रिदेशिय मार्ग सम्पन्न गर्न बजेट व्यबस्थापनका लागि प्रयत्न गर्नेछु।

★ मलेखु - धादिङवेसी - हुँदै उत्तरी धादिङको रुविभ्याली गाउँपालिका देखि रसुवा जिल्लाको स्याफ्रुवेसी जोड्ने सडकलाई १२ महिनै चल्न सक्ने गरि सम्पन्न गर्न बजेट व्यबस्थाका लागि प्रयत्न गर्नेछु।

★ भौतिक पूर्वाधार मन्त्रालय र शहरी विकास मन्त्रालयको तर्फबाट ६ वटै पालीकाहरुमा निर्माण शुरु गरीएका सडकहरु ३ वर्ष भित्रमा सम्पन्न गर्नका लागि बजेट व्यबस्था गर्न प्रयत्न गर्नेछु।

### २. पुल र झोलुङे पुल

१) बेनिघाट ३ रातमाटे र सिद्धलेक ४ आरुवासटार विच झण्डै ५ वर्ष अघि देखि निर्माण शुरु भई निर्माण व्यवसायीको लापरवाहीको कारण निर्माण अधुरो भएको रातमाटे आरुवासटार पुलको निर्माण सम्पन्न गराउन ध्यान दिनेछु।

२) **निम्न स्थानहरुमा त्रिसुली नदि माथि पुल निर्माण गर्न ध्यान दिनेछु।**

क) धादिङ जिल्लाको गजुरी १ चालिसे र सिद्धलेक ६ माझिटार बिच त्रिसुली नदि माथि मोटर हिड्ने पक्की पुल।

ख) वेनिघाट ३ र सिद्धलेक ३ बिच मालीङ्गामा मोटर हिड्ने पक्की पुल।

ग) वेनिघाट ९ र गण्डकी गाउँपालिका बिच ज्यामीरेघाट देखि मझिमटार सम्मको उपयुक्त स्थानमा मोटर हिड्ने पक्की पुल।

३) **मध्यम खालका पुलहरुः**

क) गजुरी ७ बेलबोटे छेउ पक्की पुल

ख) गल्छी २ र निलकण्ठ नगर पालिका ५ बिच कोशी खोलामा पक्की पुल

ग) थाक्रे १ बासीकोढाँड डाङडुगे खोला पक्की पुल

४) **झोलुङ्गे पुलहरुः**

क) धुनिवेशी ७ लिखु र गुर्दुम बिचको अधुरो झोलुङ्गे पुल सम्पन्न गर्ने।

ख) सिद्धलेक १ र ५ विच मिन्दुका - टकटके बिच झोलुङ्गे पुल।

ग) वेनिघाट रोराङ १ सिस्टार - लवाङ बिच झोलुङ्गे पुल।

घ) वेनिघाट रोराङ १ सिस्टार जरुङ्ग झोलुङ्गे पुल।

### ३. जलविद्युतः

★ धादिङ र गोर्खा जिल्लाको विच १२०० मेघावाटको जलासययुक्त बुढिगण्डकी जलविद्युत आयोजना सम्पूर्ण पूर्वाधार तयार भई निर्माण गर्न सकिने योजना हुँदा-हुँदै पनि शुरु हुन नसकेको हुँदा उक्त आयोजना निर्माण शुरु गर्न दवाव मुलक भुमिका खेल्नेछु।

## ४. शिक्षा, स्वास्थ्य र खेलकुद

★ बागमती प्रदेश सरकारको स्वीकृतिमा धादिङ जिल्लाको धुनिवेंशी नगरपालीकाको वार्ड नं. २ र ३ मा मनमोहन मेमोरियल विश्व विद्यालय स्थापनाको लागि प्रयत्न गर्नेछु ।

★ गल्छी ४ - मास्टारमा विज्ञान प्रविधि अध्यापन गर्ने कलेज स्थापना गरी युवाहरुलाई स्वदेशमै ज्ञान शिप सिक्ने अवसर प्रदान गरी स्वदेशमै रोजगारी पाउने अवस्था सृजना गराउन ध्यान दिनेछु ।

★ धादिङ क्षेत्र नं. १ भरीकै जेठो क्याम्पस आदर्श बहुमुखि क्याम्पसलाई युवा, कृषक, स्थानिय शिक्षक सबैलाई विज्ञान प्रविधि (IT) को माध्यमबाट शिक्षा र शिप दुवै प्रदान गर्ने कलेजको रुपमा सञ्चालन गर्ने व्यबस्था मिलाउनेछु ।

★ बेनिघाट रोराङ ३ मलेखुमा भएको राजमार्ग सामुदायिक अस्पताललाई १०० शैयाको अस्पताल बनाउने र त्यसलाई ट्रमा सेन्टरको रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने छु ।

★ थाक्रे गापा १ विर्ताचौरमा क्यान्सर अस्पताल स्थापना गरि क्यान्सर पिडितको उपचारमा ध्यान दिनेछु ।

★ क्रिकेट प्रति रुचि हुने युवाहरुको मागलाई ध्यानमा राखी पृथ्वी राजमार्ग किनारका ६ वटा पालीका मध्ये उपयुक्त स्थानमा क्रिकेट मैदान स्थापना गरी क्रिकेट खेलको विकासमा ध्यान दिनेछु ।

★ धुनिवेशी नगरपालीका वार्ड नं. ५ पुरानो धार्के बजारमा निर्माण भएको फुटबल मैदानलाई राष्ट्रिय मापदण्ड अनुसारको बनाउन र सिद्धलेक गाउँ पालीका वार्ड नं. ७ बर्खेघाटमा बन्दै गरेको फुटबल मैदानलाई सम्पन्न गर्न बजेट व्यवस्था गराउने प्रयत्न गर्नेछु ।

## ५. कृषि क्षेत्र:

★ धादिङ जिल्ला तरकारी, दुध, फलफुल उत्पादनमा उत्कृष्ट जिल्ला भएकोले र कृषकले उत्पादन गरेको सबै उत्पादनको अग्रिम रुपमा समर्थन मुल्य तोक्ने व्यबस्था र उत्पादीत फसल सरकारले किन्ने व्यबस्था गरि उत्पादक किसानलाई श्रमको मुल्य उपलब्ध गराउने कानुनी बन्दोवस्त गर्न प्रयत्न गर्नेछु ।

★ बागमती प्रदेशको मुख्य मन्त्री हुँदा वार्षिक २ लाख मेट्रिक टन रासायनिक मल उत्पादन गर्ने गरी सिन्धुली जिल्लाको हरीहरपुर गढीमा स्थापना गर्न अध्ययन गरीएको रासायनिक मल कारखाना स्थापना गर्न चाहिने लगानीकर्तालाई कारखाना खोल्न आवश्यक सहयोग पुऱ्याई उद्योग स्थापनाको वातावरण बनाउनेछु । यस उद्योगबाट उत्पादित रासायनिक मल धादिङ जिल्ला र देश भरीकै लागि आवश्यक मल आपूर्ति हुने विश्वास गरेको छु ।

★ कृषकहरुलाई समयमा सुपथ मुल्यमा मल, विउ र किटनाशक औषधी उपलब्ध गराउन व्यबस्था मिलाउने छु । साथै कृषकहरुलाई किसान परिचय पत्र दिने व्यबस्था गरि हरेक सरकारी अड्डाहरुमा कृषकहरुले सम्मानका साथ सुविधा पाउने पारिपाटी बसाउने छु ।

## ६. रोजगारी सृजना र शिप विकास:

★ रोजगारीका लागि विदेश पलायन हुनबाट रोक्न धादिङ जिल्लामै युवाहरुलाई ३ महिने, ६ महिने, ९ महिने र १८ महिने सम्मका शिप सम्बन्धि तालिम सरकारकै खर्चमा दिने व्यबस्था गरि स्वदेशमै रोजगारीका लागि अवसर सृजना गर्ने कार्यक्रम बनाउने छु ।

तपाईहरुकै
राजेन्द्र प्रसाद पाण्डे
प्रतिनिधिसभा सदस्य उमेदवार
धादिङ क्षेत्र नं. १

फागुन २१ तारा चिन्हमा भोट हालौं

**मेरो त मन संगै मत पनि तारालाई**

**तारा चिन्हमा भोट हालौं**

# संघर्षको तारा समृद्धिको सहारा



**राजेन्द्र प्रसाद पाण्डे**

प्रतिनिधि सभा सदस्य उम्मेदवार (प्रत्यक्ष), धादिङ - १